**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ फरवरी २०२६

समयः १९:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- केन्द्रीय गृहमन्त्री अमित शाहले आज रायपुरमा नक्सल विरोधी अभियान र विभिन्न विकास कार्यहरूको समीक्षा गर्न दुई उच्चस्तरीय बैठकहरू गर्नुभयो।
- भारत अनि मलेशियाले एउटा संयुक्त बयानमा वर्ष 2024 मा स्थापित व्यापक रणनीतिक साझेदारीलाई अझै बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।
- भारतीय विशिष्ट पहचान प्राधिकरणले एक करोडभन्दा अधिक बिदार्तीहरूको अनिवार्य बायोमेट्रिक अपडेटको काम पूरा गरिसकेको छ।
- बांग्लादेश नेशनलिस्ट पार्टी - बी.एन.पी.-ले देशमा आगामी राष्ट्रीय चुनावमा सुनियोजित षड़यन्त्रको आरोप लगाएको छ।
- टी–२० विश्वकप क्रिकेटमा मुम्बईमा भएको समूह 'सी' को म्याचमा इंग्ल्यान्डले नेपाल बिरुद्द 4 रनको जीत हासिल गरेको छ।

**छत्तीसगढ़ - अमित शाह**

केंद्रीय गृह मंत्री अमित शाहले आज छत्तीसगढ़को राजधानी रायपुरमा नक्सल-विरोधी अभियानहरू अनि विभिन्न विकास कार्यहरूको समीक्षाको निम्ति दुइ उच्चस्तरीय बैठक गर्नुभयो। सोशल मीडियामा जारी एउटा सन्देशमा उहाले भन्नुभयो, सुरक्षा-केंद्रित रणनीति, बुनियादी ढांचालाई बलियो बनाउन, नक्सली वित्तीय नेटवर्कमाथि नकेल कस्न अनि आत्मसमर्पण नीति अप्नाएको कारण सकारात्मक परिणाम प्राप्त भएको छ। श्री अमित शाहले दोहोरयाउनु भयो, यस वर्ष 31 मार्च भन्दा अघि नक्सलवादलाई सम्पूर्ण रूपले समाप्त गरिनेछ। गृह मंत्रीले बताउनु भयो, वितगमा नक्सली हिंसाको गढ़ रहेको छत्तीसगढ़ अब भाजपाको दुइ इंजन भएको सरकारको नेतृत्वमा विकासको प्रतीक बनेको छ। उन्हाले भन्नुभयो, राज्यको युवा, खेल, फोरेंसिक अनि तकनीकी शिक्षामा रुचि लिन साथै आफनो संस्कृति अनि परंपराहरूलाई संरक्षित गर्दै अघि बढ़िरहेको छ। मुख्यमंत्री विष्णु देव साई, उपमुख्यमंत्री विजय शर्मा, पुलिस प्रशासन अनि केंद्रीय सुरक्षा एजेन्सीहरूको वरिष्ठ अधिकारी बैठकमा उपस्थित थिए। पछिबाट गृह मंत्रीले नव रायपुरमा आयोजित छत्तीसगढ़ @25रू शिफ्टिंग द लेंस शीर्षक रहेको राष्ट्रीय सम्मेलनमा मुख्य अतिथिको रूप भाग लिनुभयो।

*Byte*

**प्रधानमंत्री – मलेशिया**

भारत अनि मलेशियाले एउटा संयुक्त बयानमा वर्ष 2024 मा स्थापित व्यापक रणनीतिक साझेदारीलाई अझै बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। दुवै पक्षले बुनियादी ढांचा, अक्षय ऊर्जा, उन्नत विनिर्माण, सेमीकंडक्टर तथा डिजिटल प्रौद्योगिकिहरू जस्तो प्रमुख क्षेत्रहरूमा व्यापारलाई प्रोत्साहन दिन अनि सहयोगको विस्तार गर्ने माथि सहमति व्यक्त गरेको छ। संयुक्त बयानमा मलेशिया-भारत डिजिटल परिषदको औपचारिक गठन अनि व्यापार तथा पर्यटनमा सहयोग दिनको निम्ति सीमा पार भुगतान संपर्क शुरू गर्ने प्रयासहरूको पनि उल्लेख गरेको छ। दुवै देशले सेमीकंडक्टर क्षेत्र अनि स्वच्छ ऊर्जामा घनिष्ठ सहयोगमाथि जोड़ दिएको छ। संयुक्त बयानमा अझ बताएको छ, दुवै नेताहरूले आसियानको केंद्रीयता, एउटा स्वतंत्र अनि खुल्ला हिंद-प्रशांत अनि बहुपक्षीय मंचहरूमाथि घनिष्ठ समन्वयको निम्ति आफनो सहयोगको पुष्टि गरेको छ।

**आयकर**

सरकारले आयकर नियमहरू अनि प्रपत्रहरू, 2026 को मस्यौदामाथि जनता अनि हितधारकहरूसित टिप्पणियाँ आमंत्रित गरेको छ। यो यस महीनाको 22 तारीखदेखि आयकर कार्यालयको आधिकारिक पोर्टलमा पठाउन सकिनेछ। आयकर कार्यालयले सूचित गरेको छ, मस्यौदा नियम सार्वजनिक डोमेनमा उपलब्ध छ। यसको उद्देश्य पारदर्शितालाई प्रोत्साहन दिन अनि सहभागी तथा प्रभावी नियम निर्माण प्रक्रिया सुनिश्चित गर्न हो।

**विशिष्ट पहचान प्राधिकरण-एम.बी.यू.**

भारतीय विशिष्ट पहचान प्राधिकरणले एक करोडभन्दा अधिक बिदार्तीहरूको अनिवार्य बायोमेट्रिक अपडेटको काम पूरा गरिसकेको छ। इलेक्टॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्रालयले बताएको छ, प्राधिकरणको क्षेत्रीय कार्यालयहरू अनि राज्यहरूको शिक्षा विभागहरूले मिशन मोडमा काम गर्दै केवल पांच महीनामा 83 हजार स्कूलहरूमा बायोमेट्रिक अपडेट शिविर आयोजित गरयो। यसको निम्ति नानीहरूलाई प्रोत्साहित गर्न अनि यो सेवा सबैलाई सुलभ बनाउनको निम्ति प्राधिकरणले पहिलो अक्तूबर 2025 देखि यस वर्ष 30 सितम्बरसम्म 7 देखि 15 वर्षका आयु वर्गको निम्ति शुल्क माफ गरिदिएको छ।

**एआई इम्पैक्ट समिट - उपाध्यक्ष**

भारत-एआई इम्प्याक्ट समिट २०२६ एआईमा विश्वव्यापी सहकार्यमा ऐतिहासिक कोसेढुंगा हुनेछ। ग्लोबल साउथमा आयोजना हुने यो पहिलो ग्लोबल एआई शिखर सम्मेलन हुनेछ । सम्मेलन १६ देखि २० तारिखसम्म नयाँ दिल्लीमा आयोजना हुनेछ

*Byte*

**शेखावत-शिमला**

केन्द्रीय संस्कृति एवम् पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले हिमाचल प्रदेशको समग्र विकासका लागि केन्द्र सरकारले हरसम्भव सहयोग गरिरहेको बताउनुभएको छ। आज शिमलामा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, केन्द्रीय बजेटले दिगो विकास र समावेशी वृद्धिका लागि सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। श्री शेखावतले भन्नुभयो, भाजपा नेतृत्वको केन्द्र सरकारले हिमाचल प्रदेशको विशेष दर्जा बहाल गरेको छ। उहाले भन्नुभयो केन्द्रीय बजेट २०२६-२७ को उद्देश्य विकसित भारतको निर्माण गर्नु र समाजका सबै वर्ग र देशका सबै क्षेत्रहरूका लागि सन्तुलित र दिगो विकास सुनिश्चित गर्नु हो।

**दिल्ली- ईवी बस**

दिल्ली सरकारले आज पाँच सय विद्युतीय बसहरूलाई हरियो झण्डा देखाएको छ। यससँगै दिल्ली परिवहन निगम (डीटीसी) को कुल इलेक्ट्रिक गाडीको संख्या चार हजार पुगेको छ। यसका साथै दिल्ली–पानीपत बस सेवा पनि सुरु भएको छ। कार्यक्रममा मुख्यमन्त्री रेखा गुप्ता, दिल्लीका यातायात मन्त्री डा. पंकज कुमार सिंह, दिल्ली सरकारका धेरै मन्त्रीहरू र भाजपा अध्यक्ष नितिन नबिनको उपस्थिति थियो।

*Byte*

**पुणे-फडनवीस**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले विदेशी लगानीले राज्यको औद्योगिक विकासलाई बढावा दिइरहेको बताएका छ। उहाँले भन्नुभयो, गत वर्ष दावोसमा हस्ताक्षर गरिएका लगानी सम्झौताहरूले उत्तरी महाराष्ट्रका पाँच जिल्लाहरूमा ७५,००० मानिसहरूलाई रोजगारीका अवसरहरू प्रदान गरेको छ। कुल ५० हजार करोड रुपैयाँको लगानीमध्ये अहिल्यानगर जिल्लामा मात्रै ११ हजार ५१९ करोड रुपैयाँ लगानी भएको छ। अहिल्यानगर जिल्लामा एक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले राज्यमा पर्यावरण अनुकूल उद्योगहरूलाई प्राथमिकता दिइरहेको बताउनु भयो।

**बांग्लादेश – बीएनपी**

बांग्लादेश नेशनलिस्ट पार्टी - बी.एन.पी.-ले देशमा आगामी राष्ट्रीय चुनावमा सुनियोजित षड़यन्त्रको आरोप लगाएको छ। पार्टीको चुनाव संचालन समितिको प्रवक्ता महदी अमीनले ढाकामा मीडियासित बातचीतमा दावा गर्नुभयो, एउटा राजनीतिक दल फर्जी मतदानको षड़यतन्त्र अन्तर्गत ठूलो संख्यामा बुर्का अनि नकाब तयार गरिरहेको छ। उहाले यस चुनावी इंजीनियरिंगको भाग बताएका छन्। लक्ष्मीपुरमा कथित रूपमा अवैध भोटिंग सील पाइएको समाचारको उल्लेख गर्नुहुदै प्रवक्ताले बताउनु भयो, प्रारंभिक जांचमा यस षड़यन्त्रको सम्बन्ध एकजना उम्मेद्वारसित पाइएको छ। उहोले चुनाव आयोगसित मतदान केंद्रहरूमा कठोरसित पहिचान सुनिश्चित गर्न अनि बूथहरूमा महिला अधिकारिहरूको तैनाथ सुनिश्चित गर्ने आग्रह गर्नुभयो। महदी अमीनले सम्भावित हिंसा अनि पर्यवेक्षकहरूको नियुक्तिमा कथित अनियमितताहरूमाथि पनि चिन्ता व्यक्त गर्नुभयो। उहाले भन्नुभयो, यो मुद्दा निष्पक्ष अनि स्वतन्त्र चुनावमा गम्भीर बाधा उत्पन्न गर्नेछ।

**टी–२० विश्वकप**

टी–२० विश्वकप क्रिकेटमा मुम्बईमा भएको समूह 'सी' को म्याचमा इंग्ल्यान्डले नेपाल बिरुद्द 4 रनको झिनो जीत हासिल गरेको छ। १८५ रनको लक्ष्य पछयाएको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १८० रन मात्र बनाउन सक्यो। दीपेन्द्रसिंह ऐरीले २९ बलमा ४४ रन बनाउँदा लोकेश बमले २० बलमा ३९ रन बनाए। इंग्ल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १८४ रन बनाएको थियो। इंग्ल्यान्डका अलराउन्डर विल ज्याक्सले १८ बलमा ३९ रन र बलमा १७ रन खर्चेर १ विकेट लिएका कारण प्लेयर अफ द म्याच घोषित भए।

**********